जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ४० पृष्ठः ४ | २०८३ जेठ १७ आइतबार (Friday 29 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## एमालेको मधेश प्रदेश इन्चार्जमा पुनः लीलानाथ श्रेष्ठ




सिरहा, १६ जेठ। नेपाल कम्युनिस्ट पार्टी (नेकपा) एमालेले मधेश प्रदेशको जिम्मेवारी पुनः स्थायी कमिटी सदस्य तथा पूर्वमन्त्री लीलानाथ श्रेष्ठलाई दिएको छ। यही जेठ ८, ९ र १० गते बसेको केन्द्रीय सचिवालय बैठकले श्रेष्ठ लाई पुनः इन्चार्जको जिम्मेवारी दिएको हो। पार्टी अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा च्यासलमा बसेको सचिवालय बैठकले प्रदेशस्तरमा संगठनात्मक सुदृढीकरण र आगामी राजनीतिक कार्यदिशालाई थप प्रभावकारी बनाउन भन्दै श्रेष्ठलाई जिम्मेवारी दिएको हो।

पुनः इन्चार्ज चयन भएपछि श्रेष्ठले पार्टी नेतृत्वप्रति आभार व्यक्त गर्दै मधेश प्रदेशमा संगठन विस्तार, जनपरिचालन, सुशासन तथा विकास निर्माणका कार्यलाई अझ प्रभावकारी ढंगले अघि बढाउने प्रतिबद्धता जनाएका छन्। उनले पार्टीले दिएको विश्वासलाई परिणाममुखी कार्यसम्पादनमार्फत सार्थक बनाउने उल्लेख गर्दै मधेशको समृद्धि र जनताको हितलाई केन्द्रमा राखेर जिम्मेवारी निर्वाह गर्ने बताए।

श्रेष्ठका अनुसार २०८२ सालको प्रतिनिधिसभा निर्वाचनको परिणामको समीक्षा गर्न एमालेले पार्टीका उपाध्यक्ष रामबहादुर थापाको संयोजकत्वमा सचिवालय सदस्य सहित १६ सद्स्य विशेष समिति गठन गरेको छ। उक्त समितिमा आठवटै प्रदेशका इन्चार्ज सदस्यका रूपमा रहेका छन्। समितिले जिल्ला, पालिका र टोलस्तरसम्म पुगेर समीक्षा तथा विश्लेषणात्मक बैठक सञ्चालन गर्दै विगतको निर्वाचनको मूल्यांकन गर्ने र आगामी निर्वाचनका लागि थप प्रभावकारी रणनीति तय गर्नेछ।

गोलबजार नगरपालिका-७, सिरहाका स्थायी बासिन्दा श्रेष्ठले विद्यार्थी आन्दोलनबाट आ नो राजनीतिक यात्रा सुरु गरेका हुन्। एमालेभित्र विभिन्न महत्वपूर्ण जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्दै आएका उनी हाल पार्टीको स्थायी कमिटी सदस्यका रूपमा सक्रिय छन्। उनी दुई पटक प्रतिनिधिसभा सदस्य निर्वाचित भइसकेका छन् भने विभिन्न महत्वपूर्ण मन्त्रालयको नेतृत्वसमेत गरिसकेका छन्। श्रेष्ठको पुनर्नियुक्तिसँगै मधेश प्रदेशमा एमाले संगठन थप सुदृढ हुने, कार्यकर्ता परिचालन प्रभावकारी बन्ने तथा विकास निर्माणका अभियानले नयाँ गति लिने अपेक्षा पार्टी वृत्तमा गरिएको छ।




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## बजेटमा नपारिएको भन्दै स्थानीयको आक्रोश, कमलामा सामान्य बाढी आउँदा पनि आवतजावतमा सकस



**मणिलाल विश्वकर्मा**

लहान, १६ जेठ। हुलाकी सडकअन्तर्गत सिराहा धनुषा जोड्ने कमला नदीमा पुल बन्न थालेको करिब १५ वर्ष हुँदै छ। तीन वर्षमा बनिसक्नुपर्ने पुल झन्डै नौ वर्षपछि निर्माणको अन्तिम चरणमा बाढीले भासिएपछि कछुवा गतिमा पुनर्निर्माण भइरहे पनि सामान्य बाढीमा समेत ओहोरदोहोर गर्नेहरू सास्ती झेल्न बाध्य छन्।

आगामी आर्थिक वर्ष ०८३/८४ का लागि संघीय सरकारले शुक्रबार ल्याएको बजेटमा हुलाकी सडक आगामी तीन वर्षभित्र सम्पन्न गर्न र आठवटा पुल निर्माणका लागि चार अर्ब बजेट विनियोजन गरिएको भए पनि हुलाकी सडकमै पर्ने पुनर्निर्माण भइरहेको कमला पुल नपरेको भन्दै स्थानीय रुष्ट भएका छन्। 'आफूहरूलाई नयाँ दाबी गरिरहेको सरकारले वर्षौंदेखि मधेशका नागरिकले भोग्दै आएका समस्यालाई नजरअन्दाज गर्‍यो,' सिराहाका किशोरी यादवले भने, 'नयाँ भनिनेले केही गर्लान् कि भन्ने आशा थियो, तर पुरानाले जति पनि नगर्ने देखियो।'

सिराहा नगरपालिका-६ का वडाध्यक्ष इन्द्रजित यादवले कमला पुलमा आएर जसरी पनि बनाई छाड्छौं भन्दै कसम खानेहरूले सत्तामा पुगेपछि बजेटमा पुलको बारेमा एक शब्दसम्म नराखिनु राजनीतिक बेइमानी गरिएको बताए। 'सत्तामा नहुँदा मधेश र मधेशीलाई भजाउने अनि सत्तामा पुगेपछि बिर्सिने कस्तो निर्लज्जता हो ?' उनको आक्रोश छ।

३१ जेठ २०६८ मा पप्पु लुम्बिनी जेभीले भ्याटसहित २४ करोड ९० लाख ९७ हजार दुई सय रुपैयाँमा ठेक्का लिएको चार सय ६९.२ मिटर लामो पुलको निर्माण व्यवयासीले नै डिजाइन गरी निर्माण गर्ने मोडलमा निर्माण भइरहेको थियो। निर्माणको अन्तिम चरणको काम भइरहेका वेला १७ असार २०७८ मा कमला नदीमा आएको बाढीले पुलको सिराहातर्फ दुईवटा जग भासिएर चारवटा स्ल्याबमा क्षति पुगेको थियो। त्यसपछि पटक-पटक आएको बाढीले पुलको पश्चिमतर्फ करिब ५० मिटर खण्ड सडक बगाएको छ भने नदीको मूल भँगालो पूर्वबाट बगिरहेको छ।

पूर्वी भँगालोमा बगिरहेको कमलामा ८० लाखको टेन्डरमा गत पुसमा बनाइएको ह्युमपाइपसहितको डाइभर्सन सकुशल भए पनि नदीको मध्यभागमा सामान्य पानी पर्दा पनि करिब दुई तीन फिट पानी बग्दा आवजावतमा कठिनाइ भइरहेको स्थानीयको गुनासो छ।

## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।

- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने कार्य नगरौं,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच आउने कार्य नगरौं,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुर्‍याउने कार्य नगरौं,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने कार्य नगरौं,
- शान्ति सुरक्षामा खलल पुग्ने कार्य नगरौं,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने कार्य नगरौं,
- जनमानसमा भ्रम सिर्जना गर्ने कार्य नगरौं,
- पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्दा सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## करेन्ट लागेर एकको मृत्यु

सप्तरी, १६ जेठ। जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका-१, भारदहमा आज केरा बगानमा करेन्ट लागेर एक जना किसानको मृत्यु भएको छ। स्थानीय ४८ वर्षीय सहदेव लौगीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक विजय कार्कीले जानकारी दिए। उनका अनुसार केरा बगानमा धानको बीउ छर्न विद्युतीय मोटरबाट पानी पठाउनका लागि तार जडान गर्ने क्रममा लौगीलाई करेन्ट लागेको थियो।

लौगीको मृत्युबारे अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय

-बाँकी तीन पेजमा

## सम्पादकीय

# परम्पराकै निरन्तरता भए पनि सकारात्मक

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले २०८३/८४ का लागि २१ खर्ब २४ अर्ब ३४ करोडको वार्षिक आयव्यय विवरण संसद्को संयुक्त सदनमा प्रस्तुत गरेका छन्। यसपटक राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सरकारले सम्पूर्णरूपमा क्रान्तिकारी बजेट ल्याउने केही समूहको अपेक्षा भए पनि त्यो पूरा हुनसक्ने अवस्था भने थिएन। त्यसैले यो बजेट पुराना सरकारहरूले ल्याएका बजेटकै निरन्तरतामा आएको छ। यद्यपि, विगतका केही वर्षदेखि देखापरेको अलमल चिरेर खुला र उदार आर्थिक व्यवस्थाप्रतिको पक्षमा बजेटले केही सकारात्मक पहल गरेको छ।

गत २०८२ भदौ २३ – २४ को जेन–जी आन्दोलनको बलबुतामा भएको परिवर्तनपश्चातको निर्वाचनमा करिब दुई तिहाई बहुमत पाएको सरकारले परम्परागत अवधारणाभन्दा निकै फरक बजेट ल्याउने अपेक्षा भने पूरा हुन सकेन। अन्य क्षेत्रमा सरकारले देखाएजस्तो 'रोमाञ्चक दुस्साहस' यस बजेटमा भने गरेको देखिएन। तैपनि, जिम्मेवार र शिक्षित अर्थविद्ले सात प्रतिशत आर्थिक वृद्धि प्राप्त गर्ने महत्त्वाकांक्षी लक्ष्य प्राप्तगर्न आफूले सकेको जोखिम भने उठाएको पाइन्छ।

अर्थमन्त्री डा. वाग्लेले प्रस्तुत गरेको बजेटले सबैभन्दा सकारात्मक प्रभाव मध्यम वर्गलाई पारेको देखिन्छ। रु. दस लाखसम्मको आयमा आयकर नलाग्ने प्रावधानले धेरै वेतनजीवी मध्यम वर्गलाई सहुलियत भएको छ। सरकारी कर्मचारीहरूको पनि तलब दस प्रतिशत बढेको छ र कार्य सम्पादनको आधारमा थप दस प्रतिशतसम्म प्रोत्साहन भत्ता बढ्ने प्रावधान छ। करयोग्य न्यूनतम आयको सकारात्मक वृद्धि र कर्मचारीको तलब वृद्धिले तिनको क्रयशक्ति केही बढ्ने हुनाले बजारमा यसको सामान्य सकारात्मक संकेत देखिनसक्छ।

अर्कोतिर ५० युनिटभन्दा बढी बिजुली उपभोग गर्ने उपभोक्तालाई ५ प्रतिशत मूल्य अभिवृद्धि कर ९भ्याट० लगाउने निर्णयले भने मध्यम वर्गको खल्तीबाट नै सरकारले केही रकम तान्ने कोसिस गरेको देखियो। विद्युत् उपभोगका लागि प्रोत्साहन दिने नीतिसँग पनि बजेटको यो व्यवस्था बाझिन्छ।

मध्यम वर्गका लागि महत्त्वपूर्ण मानिने क्षेत्र शिक्षा पनि हो। तर, यस वर्षको बजेटले शिक्षामा ठूलो लगानी गर्न सकेन। रास्वपाको सरकारले शिक्षालाई धेरै महत्व दिने र शिक्षकको तलबको सबैभन्दा बढी हुने प्रचार गरे पनि यस क्षेत्रमा परम्परालाई नै निरन्तरता दिइएको छ।

पहिले नै असफल भइसकेको विद्यार्थी र बिरामीमाथि पनि कर थोपर्ने नीति यस बजेटबाट फेरि अगाडि सारिएको छ। सरकारी शिक्षा र स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि नगर्दासम्म निजी क्षेत्रका शिक्षा तथा स्वास्थ्य सेवालाई 'विलासुको वस्तु' मानेर विद्यार्थी र बिरामीमाथि कर थोपर्नु प्राकृतिक न्यायका आधारमा पनि न्यायोचित देखिँदैन।

चालु वर्षमा शिक्षामा विनियोजन भएको बजेटभन्दा आगामी वर्षको बजेट करिब ६ अर्ब बढी देखिए पनि बजेटको आकारको तुलनामा शिक्षामा कुल बजेटको १०. २७ प्रतिशतमात्र विनियोजन गरिएको छ। चालु आर्थिक वर्षमा शिक्षामा कुल बजेटको १०.७९ प्रतिशत विनियोजन गरिएको थियो। यसरी हेर्दा, सरकारले दाबी गरेजस्तो शिक्षामा बजेट वृद्धि भएको देखिँदैन। आउँदो आर्थिक वर्षको बजेटले महत्त्व दिएको अर्को क्षेत्र निजी क्षेत्र हो। बजेटले ३६० वस्तुमा अन्तःशुल्क हटाएको छ। यसबाट केही वस्तुको मूल्य थोरै कम हुनसक्छ। त्यस्तै, घरेलु उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता बढ्न जान्छ। यस प्रावधानले आन्तरिक उत्पादनलाई सहयोग पुग्यो भने आयात प्रतिस्थापनमा सकारात्मक असर पर्नसक्छ।

पुँजी बजार सुधारका सन्दर्भमा पनि बजेटले केही गर्न खोजेको देखिन्छ। एकै दिनमा गरिने ट्रेडिङ र सर्ट सेलिङको व्यवस्थाले पुँजी बजारमा केही उत्साह ल्याउने सम्भावना छ। गैरआवासीय नेपालीलाई पुँजीबजारमा प्रोत्साहन दिने नीति सकारात्मक छ। त्यस्तै सम्पत्ति अभिवृद्धि कर (क्यापिटल गेन ट्याक्स)लाई अन्तिम करको रूपमा मान्यता दिएर करदातालाई स्पष्ट पारिएको छ। यो करको दरमा ५० प्रतिशत वृद्धि पनि गरिएको छ।

यो पुरानै बजेटहरूको निरन्तरता किन पनि हो भने यसले राजस्व वृद्धिको कुनै ठोस अवधारणा अघि सार्न सकेको छैन। यताउतिका नीति नियमहरू परिवर्तन गरेर केही मात्रामा राजस्व वृद्धि हुने दाबी गरिए पनि चालु आर्थिक वर्षमा पनि राजस्वको लक्ष्य पुग्ने देखिँदैन। आगामी वर्षमा पनि राजस्व अनुमानभन्दा कम हुने, आन्तरिक ऋण घोषणाभन्दा बढ्ने, वैदेशिक सहयोग कम आउने र महंगो ऋण लिएर सरकार चलाउनुपर्ने बाध्यताबाट यो बजेट पनि अछुतो रहनेछैन। यतिका चुनौती हुँदाहुँदै पनि केही सुधारका सङ्केत देखिएकाले बजेटलाई सकारात्मकरूपमा लिन सकिन्छ। कार्यान्वयन चुनौतीपूर्ण त छँदैछ।

# उत्पादन, कनेक्टिभिटी र संस्कृतिका रूपमा विकास गर्ने

पर्सा, १६ जेठ। सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत मधेश प्रदेश तथा तराई–मधेश क्षेत्रलक्षित कृषि, पूर्वाधार, खानेपानी, स्वास्थ्य, खेलकुद र पर्यटन क्षेत्रका विभिन्न महत्त्वाकाङ्क्षी कार्यक्रम अघि सारेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रस्तुत गर्नुभएको बजेट वक्तव्यमा मधेशलाई उत्पादन, कनेक्टिभिटी र सांस्कृतिक पर्यटनको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य प्रस्तुत गरिएको छ।

सरकारले सुनकोशी–मरिण डाइभर्सन आयोजनाबाट सिञ्चित हुने एक लाख २२ हजार हेक्टर क्षेत्रलाई आधार बनाएर 'मध्य मधेश चतुर्भुज' निर्माण गर्ने घोषणा गरेको छ। हुलाकी राजमार्ग र पूर्वपश्चिम राजमार्ग विस्तारका बाँकी काम सम्पन्न गरी कृषि तथा उद्योग प्रवर्धन गरिने उल्लेख गरिएको छ।

सरकारले हुलाकी राजमार्ग तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्य लिएको छ। घना बस्ती क्षेत्रमा सडक चौडा गर्ने र आठ वटा सडक पुल निर्माण सम्पन्न गर्न चार अर्ब ६५ करोड रुपियाँ छुट्याइएको छ। रेल पूर्वाधारतर्फ बर्दीबासदेखि काठमाडौँ–तराई मधेश द्रुतमार्ग प्रस्थान विन्दुसम्म रेलमार्ग विस्तार गरिने छ। निर्माणाधीन जनकपुर–जयनगर–बर्दीबास रेलमार्गको बाँकी काम सम्पन्न गर्नसमेत बजेट विनियोजन गरिएको छ। तराई–मधेश क्षेत्रमा सुक्खायाममा हुने खानेपानी अभाव समाधान गर्न डिप बोरिङसहितको सामुदायिक खानेपानी प्रणाली विकास गरिने छ। अधुरा रहेका २८० वटा खानेपानी आयोजना सम्पन्न गर्न दुई अर्ब ५० करोड रुपियाँ विनियोजन गरिएको छ।

सिँचाइतर्फ बागमती सिँचाइ आयोजनाको स्तरोन्नति गरी बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषाका एक लाख २२ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्न ५३ करोड रुपियाँ छुट्याइएको छ। कमला र नारायणी सिँचाइ प्रणालीको मर्मत तथा पुनर्स्थापनासँगै भूमिगत सिँचाइ सुविधा विस्तार गर्न एक अर्ब तीन करोड रुपियाँ विनियोजन गरिएको छ।

खेलकुद पूर्वाधार अन्तर्गत लहान र वीरगन्जमा आधुनिक संरचना निर्माण तथा मधेश प्रदेशमा प्रस्तावित ११ औँ राष्ट्रिय खेलकुदका लागि आवश्यक पूर्वाधार विकास गरिने भएको छ। कृषि प्रशोधन उद्योगतर्फ सिराहा र सप्तरीमा आँप प्रशोधन केन्द्र तथा सर्लाहीमा गोलभेँडा प्रशोधन केन्द्र स्थापना गरिने घोषणा गरिएको छ। संस्कृति तथा पर्यटन प्रवर्धनका लागि जनकपुरलाई विवाह गन्तव्यका रूपमा विकास र ब्रान्डिङ गरिने छ। रामजानकी पथ तथा रामजानकी परिक्रमा सडक स्तरोन्नतिका लागि बजेट विनियोजन गरिएको छ। जनकपुरधामलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउने प्रक्रिया अघि बढाइने तथा सखडा–धनुषाधाम–गढीमाई प्रादेशिक पर्यटकीय कोरिडोर विकास गरिने सरकारको योजना छ।

**मिश्रित प्रतिक्रिया**

सरकारले आगामी आवका लागि चालु खर्च १२ खर्ब ७० अर्ब ५८ करोड, पुँजीगत खर्च चार खर्ब ३१ अर्ब१० करोड र वित्त व्यवस्थापनमा चार खर्ब २२ अर्ब गरी २१ खर्ब २४ अर्ब ३४ करोड रुपियाँको बजेट विनियोजन गरेको छ। वीरगन्ज उद्योगी व्यवसायीले बजेटबारे मिश्रित प्रतिक्रिया दिनुभएको छ। वीरगन्ज उद्योग वाणिज्य स अध्यक्ष हरि गौतमले बजेटमा कल्पना गरिए जस्तो राजस्व सङ्कलन गर्न कठिन रहेको बताउनुहुन्छ। बजेटमा स्रोतको सुनिश्चित नरहेको र स्रोत कल्पना मात्र गरिएको उहाँको दाबी छ। उहाँ भन्नुहुन्छ, "वैदेशिक सहायता ऋण भनेको छ, हाल २० अर्ब आएकोमा ६१ अर्ब लिन्छुभन्दा त्यसको कुनै भर हुँदैन। बजेटमा खर्च बढी देखाइएकाले त्यसो गरिएको हुनु पर्छ। तलब बढाउने अन्य काम गर्ने भनेर बढाइएको खर्च काल्पनिक स्रोत हालेर बनाइयो।"

त्यस्तै गरी वीरगन्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष माधव राजपाल पाँच लाखसम्मका रहेको व्यक्तिगत आयमा कर छुट रहेकोमा त्यसलाई बढाएर १० लाख बनाइनु सकारात्मक रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "पर्सनलमा या प्रोप्राइटरमा पहिले ३९ प्रतिशत कर थियो, त्यसमा १० प्रतिशत घटाएर २९ प्रतिशत गरिएको छ। एक्साइज लाग्ने गरेका ३६० प्रकारका मालसामानको एक्साइजलाई खारेजी गरिएको छ। बिजुली बिलमा अब भ्याट थपिएको छ। जिल्लापिच्छे लिने गरेको कवाडी कर एउटा जिल्लामा लिएपछि अर्को जिल्लामा लिन नपाउने गरिएको छ। बारा पर्सा औद्योगिक कोरिडोरका लागि त्यस्तो उल्लेखनीय केही भनिएको छैन।"

**कृषि र सिँचाइ प्राथमिकतामा पर्दा खुसी**

सर्लाही समाचारदाताका अनुसार आगामी आवको बजेटमा सर्लाहीलाई समेत जोडेर कृषि र सिँचाइ प्राथमिकतामा परेपछि किसान खुसी भएका छन्। सर्लाहीमा गोलभेँडा प्रशोधन केन्द्र स्थापना गर्ने घोषणा गरेपछि किसान खुसी भएका हुन्। लालबन्दी र आसपासको क्षेत्र गोलभेँडाको पकेट क्षेत्र हो। सर्लाहीका किसान अहिले कुनै विकल्प नहुँदा गोलभेँडा पाक्नासाथ जतिसुकै सस्तो मूल्य भए पनि बिक्री गर्न बाध्य छन्। सरकारले घोषणा गरेबमोजिम यदि सस बनाउने वा अन्य कुनै प्रयोजनका लागि गोलभेँडाको प्रशोधन भए किसानले हतार हतार सस्तोमा गोलभेँडा बेच्नुपर्ने बाध्यता नहुने लालबन्दी नगरपालिका–१०, तुलसीटोलका किसान प्रेम श्रेष्ठले बताउनुभयो।

# बजेटमा समेटिएको मधेस प्रदेशःसुनकोशी–मरिण डाइभर्सनदेखि औद्योगिकीकरणसम्म

जनकपुरधाम, १६ जेठ। सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत मधेस प्रदेशलाई 'उत्पादन, उद्योग र पूर्वाधारको केन्द्र' बनाउने दीर्घकालीन रणनीति अघि सारेको छ।

संघीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले प्रस्तुत गरेको बजेटमा क्षेत्रीय सन्तुलित विकास, कृषि पुनरुत्थान, औद्योगिकीकरण र लगानीमैत्री वातावरण निर्माणलाई प्राथमिकतामा राखिएको छ। सरकारले तराई–मधेस क्षेत्रमा खानेपानी अभाव समाधान गर्न २८० वटा खानेपानी आयोजना निर्माणका लागि रु दुई अर्ब ५० करोड विनियोजन गरेको छ। तराई–मधेसमा सुक्खायाममा देखिने खानेपानी सङ्कट समाधानका लागि समुदायस्तरमा 'डिप बोरिङ'सहितको खानेपानी प्रणाली विकास गरिने उल्लेख छ। साथै आर्सेनिकमुक्त तराई अभियान सञ्चालन गरिने पनि घोषणा गरिएको छ।

वीरगञ्ज सहरमा खानेपानी र ढल निर्माण तथा प्रशोधनका लागि रु दुई अर्ब ३४ करोड छुट्याइएको छ। उक्त कार्यक्रमबाट मधेस प्रदेशका आठवटै जिल्ला धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिराहा र सप्तरीका ग्रामीण बस्ती प्रत्यक्ष लाभान्वित हुने अपेक्षा गरिएको छ। सुनकोशी–मरिन डाइभर्सन आयोजनाबाट सिञ्चित हुने एक लाख २२ हजार हेक्टर क्षेत्रलाई आधार बनाएर कृषि र उद्योगकेन्द्रित मध्य–मधेस चतुर्भुज विकास कार्यक्रम अघि बढाउने घोषणा गरेको छ।

हुलाकी राजमार्ग तथा पूर्वपश्चिम राजमार्ग विस्तारका बाँकी काम सम्पन्न गरी मधेस क्षेत्रलाई उत्पादन, प्रशोधन र औद्योगिक गतिविधिको प्रमुख केन्द्रका रूपमा विकास गर्ने सरकारको लक्ष्य छ। सरकारले आर्थिक सम्भावना भएका ग्रामीण तथा सहरोन्मुख क्षेत्रलाई 'ग्रोथ पोल' र 'क्वाड'का रूपमा विकास गर्ने नीति पनि बजेटमा समावेश छ।

धनुषा र सर्लाही जिल्लामा स्मार्ट प्रविधिमा आधारित भूमिगत सिँचाइ प्रणाली विस्तार गर्न सरकारले आवश्यक बजेट व्यवस्था गरेको छ। यस कार्यक्रमका लागि रु एक अर्ब ८३ करोड विनियोजन गरिएको उल्लेख गरिएको छ। यसबाट वर्षभर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुग्ने तथा कृषि उत्पादनमा उल्लेख्य वृद्धि हुने सरकारको अपेक्षा छ।

कृषि उत्पादनलाई उद्योगसँग जोड्ने रणनीतिअनुसार सिराहामा आँप प्रशोधन केन्द्र तथा सर्लाहीमा गोलभेँडा प्रशोधन केन्द्र स्थापना गर्ने घोषणा गरेको छ। यी केन्द्रमार्फत स्थानीय किसानको उत्पादनको बजार सुनिश्चित गर्नुका साथै कृषिउपजको मूल्य अभिवृद्धि गरिने अपेक्षा गरिएको छ।

हुलाकी राजमार्ग आगामी तीन वर्षभित्र सम्पन्न गर्ने घोषणा गरेको छ। घनाबस्ती भएका क्षेत्रमा सडक चौडा बनाइने तथा आठ वटा सडक पुल निर्माण सम्पन्न गरिनेछ। हुलाकी राजमार्ग निर्माणका लागि रु चार अर्ब ६५ करोड विनियोजन गरिएको छ। हुलाकी राजमार्गले सप्तरीदेखि पर्सासम्मका तराई जिल्लाको आर्थिक तथा व्यापारिक गतिविधिमा प्रत्यक्ष प्रभाव पार्ने अपेक्षा गरिएको छ।

पूर्वपश्चिम राजमार्गलाई चार लेनमा विस्तार गर्ने कार्य आगामी तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्य लिएको छ। यस परियोजनाका लागि आगामी आवमा रु ३७ अर्ब ४६ करोड विनियोजन गरिएको छ। मधेस–प्रदेशका जिल्लामा पर्ने राजमार्ग खण्ड विस्तार भएपछि यातायात, व्यापार तथा औद्योगिक गतिविधिमा तीव्रता आउने अपेक्षा गरिएको छ।

काठमाडौँ–तराई मधेस द्रुतमार्ग ९फास्ट ट्र्याक० आयोजनाका लागि सरकारले आगामी आवमा रु १७ अर्ब ६४ करोड विनियोजन गरेको छ। आगामी वर्ष ४० वटा पुल र ५.१४ किलोमिटर सुरुङ निर्माण सम्पन्न गरिनेछ। विसं २०७४ देखि नेपाली सेनाको व्यवस्थापनमा निर्माण सुरु भएको द्रुतमार्गको हालसम्म ४८ प्रतिशत भौतिक प्रगति भएको छ।

सरकारले बाराको निजगढ अन्तरराष्ट्रिय विमानस्थल निर्माणलाई पुनः प्राथमिकतामा राखेको छ। विमानस्थल निर्माणको 'मोडालिटी' आगामी छ महिनाभित्र टुंग्याइने छ। निजगढ विमानस्थल सञ्चालनमा आएपछि मधेस–प्रदेश अन्तरराष्ट्रिय व्यापार, पर्यटन र लगानीको प्रमुख केन्द्र बन्ने अपेक्षा गरिएको छ। सरकारले महोत्तरीको बर्दिवासदेखि बाराको निजगढसम्म रेलमार्ग विस्तार गर्ने घोषणा गरेको छ।

रेलमार्गले महोत्तरी, सर्लाही र बारा क्षेत्रलाई राष्ट्रिय रेल सञ्जालसँग जोड्ने तथा औद्योगिक करिडोर विकासमा टेवा पुऱ्याउने विश्वास गरिएको छ। साथै, जनकपुर–जयनगर–बर्दिवास रेलमार्गको बाँकी काम सम्पन्न गर्न बजेटको व्यवस्था गरिएको छ।

–बाँकी तीन पेजमा

# बजेटमा शिक्षाः पूर्वाधार विकास, नीतिगत सुधार र सुशासनमा नयाँ आशा

**प्रकाश सिलवाल**

काठमाडौँ, १६ जेठ। आगामी आर्थिक वर्षका लागि नेपाल सरकारले ल्याएको बजेटले शिक्षा क्षेत्रमा पूर्वाधार विकास, नीतिगत सुधार, प्रविधिको उपयोग र सुशासनका सवाललाई महत्व दिएको छ।शिक्षामा एआइको उपयोग र सूचना प्रविधिको अवधारणाले एक्काइसौँ सताब्दीका लागि नेपाली बालबालिकालाई प्रविधियोग्य बनाउने अवसर मिल्ने विज्ञ तथा सरोकारवालाको धारणा रहेको छ। काठमाडौँ विश्वविद्यालयको 'स्कुल अफ एजुकेसन' का डीन प्रा डा बालचन्द्र लुइँटेलले बजेटमा शिक्षामा केही पूर्वाधार र सुधारका पक्षहरू राखिनुले शिक्षकको मनोबल बढाउने र सुशासन कायम गर्नसकेमा सकारात्मक प्रभाव पर्ने बताउनुभयो।

शिक्षा तथा खेलकुद मन्त्रालयको पाठ्यक्रम मूल्याङ्कन राष्ट्रिय परिषद्बाट गठित विद्यालय तहको पाठ्यक्रम पुनरावलोकन सुझाव कार्यदलका संयोजकसमेत रहनुभएका डा लुइँटेलले सङ्घीय सरकारका सही नीति विद्यालय तहसम्म लान सकेमा शिक्षामा सुधार सम्भव हुने टिप्पणी गर्नुभयो। त्रिभुवन विश्वविद्यालयका पूर्वप्राध्यापक शिक्षाविद् डा मनप्रसाद वाग्लेले नेपाली बालबालिकालाई समय सापेक्ष प्रविधियोग्य बनाउने अवसर मिल्ने तथा गणित, विज्ञान र प्रविधिमा सुधार हुने आशा व्यक्त गर्नुभयो। "शिक्षक क्षमता परीक्षणमार्फत कार्यरत सबै शिक्षकको सशक्तीकरणमा योजना निर्माण र कार्यान्वयन गर्न सके गुणस्तरीय शिक्षाको परिकल्पना साकार हुन्छ", डा वाग्लेले भन्नुभयो, "रोजगारीका लागि खाडी र अन्य मुलुकमा बाध्यतावश गएका तर पढाइ छुटेकालाई खुला विश्वविद्यालयको माध्यमद्वारा शिक्षित गर्ने अठोटले उनीहरूको शैक्षिक र आर्थिक उत्थान हुने सुनौलो अवसर हुनेछ।" बजेटमा वैदेशिक रोजगारीमा रहेका युवालाई खुला विश्वविद्यालयअन्तर्गत अध्ययनको अवसर प्रदान गरिने भनिएको छ।

यसैगरी, गेटा मेडिकल कलेजमा पठनपाठन सुरू हुने र थप चिकित्सक उत्पादनमा सहयोग पुग्ने चिकित्सा शिक्षा र सूचना प्रविधिमा कोटा बढाउनेछ उहाँको भनाइ छ। डा वाग्लेले पारिश्रमिकसहितको इन्टर्नसीपले उच्च शिक्षा र कार्य बजारबीचको सम्बन्धमा विस्तार हुने र गुणस्तरीय उच्च शिक्षामा सघाउ पुग्ने एवं त्यस्तो इन्टर्नसीपमा जानेले पकेट खर्च पाउने भएकाले उनीहरूको उत्प्रेरणा बढ्ने बताउनुभयो। गुणस्तरवृद्धिका लागि भने लगानी अर्पाप्त नभएको डा वाग्लेको टिप्पणी छ।

नेपाल शिक्षक महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले बहालवाला शिक्षकको तलब बढ्नु सकारात्मक भए पनि अवकाशप्राप्त शिक्षकको उपदान रकममा १० प्रतिशत प्रोत्साहन भत्ता नहुने भएकाले सबैमा उत्तिकै उत्साह नदेखिएको बताउनुभयो। उहाँले शिक्षामा कूल बजेटको २० प्रतिशत विनियोजन हुनुपर्ने आवाज उठ्दै आएकामा अहिले १० दशमलव २७ प्रतिशत मात्रै बजेट निर्धारण भएको बताउनुभयो। अध्यक्ष सुवेदीले बाल विकास शिक्षक-विद्यालय कर्मचारीको सुविधा, विगतमा भएको सहमतिबमोजिम विद्यालय शिक्षा ऐन तर्जुमा र अन्य विषय सम्बोधनका सवालमा बजेटले सोचेजस्तो सम्बोधन गर्न नसकेको प्रतिक्रिया दिनुभयो।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) का महासचिव आरबी कटवालले बजेटमा निजी लगानीका विद्यालयका लागि प्रस्ताव गरिएको तीन प्रतिशत करलगायतका विषयमा अभिभावक र सरोकारवालाहरूसँग छलफल गरेर अघि बढ्ने बताउनुभयो। उहाँले सरकारका नीति र कानुनहरू आफूहरूले मान्दै आए पनि कुनै व्यवहारिक असुविधा भएमा संवादमा जाने बताउनुभयो।

आगामी आव २०८३/८४ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) पेस गर्दै अर्थमन्त्री डा स्वर्णिम वाग्लेले शिक्षा क्षेत्रका लागि रु दुई खर्ब १८ अर्ब ३० करोड विनियोजन प्रस्ताव गर्नुभएको थियो। बजेटमा सरकारले गुणस्तरीय शिक्षाको प्रवर्द्धनका लागि मुलुकभरका सामुदायिक विद्यालयको पूर्वाधार आवश्यकताको 'म्यापिङ' गर्न रु एक अर्ब विनियोजन गरिएको छ। देशभरका सामुदायिक विद्यालयहरूको पूर्वाधार आवश्यकता पहिचान गर्न रु एक अर्ब विनियोजन गरिएको छ।

# 'हिमालयन रोड किताब मेला-२०८३' आइतबार

मोरङ, १६ जेठ। विराटनगरको ऐतिहासिक, प्राज्ञिक तथा सांस्कृतिक गरिमालाई प्रवर्द्धनका लागि एकदिने 'हिमालयन रोड किताब मेला २०८३' आइतबार हुँदैछ। आज यहाँ आयोजित पत्रकार सम्मेलनमा दिगो विकास इन्स्टिच्युट, ग्रिनसिटी भोलुन्टियर र नर्थसाउथ कलेक्टिभ्सले मेला आयोजना गर्न लागिएको जानकारी दिइएको हो। विराटनगरको हिमालय रोडमा आयोजना हुने एकदिने पुस्तक मेला पठन संस्कृतिलाई प्रवर्द्धन गर्नुका साथै पाठक र लेखकलाई जोडने उद्देश्यसहित आयोजना गर्न लागिएको दिगो विकासका अभिषेक श्रेष्ठले जानकारी दिनुभयो।

मेलाले बौद्धिक विमर्शको वातावरण सृजना, समाजमा ज्ञानको पहुँचलाई सहज बनाउँदै नयाँ पुस्तामा अध्ययनप्रतिको रुचि र रचनात्मक चिन्तनको विकास गराउन यसले सहयोग पुऱ्याउने कलेक्टिभ्सकी नितु सेनको भनाइ थियो। मेलामा नेपाली, अङ्ग्रेजीलगायत विभिन्न भाषाका पुस्तक प्रदर्शनी, साहित्य कुनाअन्तर्गत पाठकलाई बसेर पढ्ने र साहित्यिक वातावरण रहने ग्रीनसिटीकी कीर्तिमण्डलले जानकारी दिनुभयो।

*बजेटमा समेटिएको...*

सरकारले जनकपुरधामलाई युनेस्को विश्वसम्पदा सूचीमा सूचीकृत गराउन आवश्यक प्रक्रिया अघि बढाउने घोषणा गरेको छ। जनकपुरधामलाई धार्मिक-सांस्कृतिक पर्यटनको अन्तरराष्ट्रिय केन्द्रका रूपमा विकास गर्ने सरकारको लक्ष्य छ।

साथै जनकपुरलाई 'विवाह गन्तव्य'का रुपमा विकास र ब्राण्डिङ गर्न तथा रामजानकी पथ र परिक्रमा सडक स्तरोन्नतिका लागि विशेष बजेट विनियोजन गरिएको छ। यसका लागि यहाँका रीतिरिवाज, संस्कार र परम्परागत ज्ञानको संरक्षण, 'डिजिटलाइजेसन' तथा बजारीकरण गर्ने योजना रहेको छ। सखडा-धनुषाधाम-गढीमाई समेट्ने गरी प्रादेशिक पर्यटकीय करिडोरको प्रवर्द्धन गरिने बजेटमा उल्लेख छ। भन्सार तथा प्रशासनिक सहजीकरणका लागि वैवाहिक पर्यटनलाई प्रोत्साहन गर्न विवाह प्रयोजनका लागि विदेशबाट ल्याइने सामानको घोषणा, धरौटी लिने र विवाह सकेर फर्किंदा धरौटी फिर्ता दिने व्यवस्थालाई स्वचालित र सरल बनाइने बजेटमा उल्लेख छ।

सरकारले मधेससहित मानव विकास सूचकाङ्क कमजोर रहेका २५ जिल्लामा बालपोषण भत्ता कार्यक्रमलाई निरन्तरता दिएको छ। दलित बालबालिकाको पोषण भत्ता दोब्बर गरी मासिक एक हजार रुपैयाँ पुऱ्याइएको छ। त्यस्तै स्वास्थ्य बीमाको दायरा विस्तार, श्रमिकलाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने अभियान तथा स्वच्छ खानेपानी पहुँच विस्तार गर्ने कार्यक्रमलाई पनि बजेटले प्राथमिकता दिएको छ। स्वास्थ्य र सामाजिक सुरक्षा मधेस-प्रदेशको स्वास्थ्य सेवा सुधार गर्न पर्साको नारायणी अस्पताल, सप्तरीको गजेन्द्रनारायणसिंह अस्पताल र रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको पूर्वाधार विकासलाई प्राथमिकता दिइएको छ। मधेस-प्रदेशमा मिर्गौला रोग उपचार केन्द्र र ट्रमा सेन्टर निर्माण सुरु गरिनेछ।

# 'पुँजीगत खर्च बढाउँदा अर्थतन्त्र चलायमान हुन्छ'

काठमाडौँ, १६ जेठ। नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अञ्जन श्रेष्ठले पुँजीगत खर्च बढाउने सरकारको सकारात्मक पहलका रूपमा रहेको भन्दै यसले निजी क्षेत्र चलायमान हुने विश्वास व्यक्त गर्नुभएको छ। नेपाल जग्गा तथा आवास विकास सङ्घद्वारा आज यहाँ आयोजित १९औँ वार्षिक साधारणसभामा उहाँले आगामी आर्थिक वर्षको बजेटमा थोरै भए पनि पुँजीगत खर्च बढ्दा अर्थतन्त्र चलायमान हुने बताउनुभयो।

अध्यक्ष श्रेष्ठले बजेटले पूर्वाधार क्षेत्रको खर्च बढाउनु, आयकर घटाउनु, प्रविधिलाई जोड दिनु सकारात्मक पक्ष भएको प्रतिक्रिया दिनुभयो। उहाँले रोजगारीका लागि विदेश जानुपर्ने र उपभोग्य वस्तु ७० प्रतिशत विदेशबाट आयत गर्नुपर्ने अवस्थाको अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले बजेटले विदेशी नागरिकलाई लिजमा घर किन्न पाउने व्यवस्था गर्नु, व्यवस्थित सहरको कल्पना गर्नु यस क्षेत्रका व्यवसायीका लागि खुसीको विषय भएको उल्लेख गर्नुभयो।

घरजग्गा व्यवसायको समस्यालाई समाधान गर्न महासङ्घ सदैव सकारात्मक भएर लाग्ने अध्यक्ष श्रेष्ठको भनाइ छ। उहाँले हदबन्दीको समस्या समाधानका लागि महासङ्घले सम्बन्धित निकायको ध्यानाकर्षण गरिसकिएको जानकारी दिनुभयो। नेपाल जग्गा तथा आवास विकास महासङ्घका अध्यक्ष विष्णुप्रसाद घिमिरेले बजेटले एकीकृत सहरी पूर्वाधारको कल्पना गरेको भन्दै त्यसलाई महासङ्घले सकारात्मक रूपमा लिएको बताउनुभयो। जग्गा हदबन्दी र कित्ताकाटलाई सरकारले अध्यादेशमार्फत अगाडि बढाउने उहाँले विश्वास व्यक्त गर्नुभयो।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डेले मुलुकको समग्र अर्थतन्त्र सकारात्मक भएपनि लगानीको वातावरण नबन्दा समस्या परेको बताउनुभयो। अर्थतन्त्र चलायमान बनाउनका लागि घरजग्गा व्यवसाय चलायमान हुनुपर्ने उहाँको भनाइ छ। अर्थतन्त्र चलायमान बनाउन यस क्षेत्रमा देखिएका समस्या समाधानमा सरकार लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो। नेपाल चेम्बर अफ कमर्शका वरिष्ठ उपाध्यक्ष दीपक मल्होत्राले लामो समयको अन्योलपछि स्थायी सरकार बनेको भन्दै यो सरकारसँग निजी क्षेत्र आशावादी रहेका बताउनुभयो। घरजग्गा व्यवसायलाई माथि उकास्न सकेमात्र अन्य व्यवसाय अगाडि बढ्ने उहाँको भनाइ छ। नयाँ सरकारले भौतिक पूर्वाधारको क्षेत्रमा करिब रु चार खर्ब बजेट विनियोजन गर्नु निजी क्षेत्रका लागि खुसीको विषय भएको उहाँले प्रतिक्रिया दिनुभयो।

नेपाल जग्गा तथा आवास विकास महासङ्घका संस्थापक अध्यक्ष मीनमान श्रेष्ठले विदेशी नागरिकले 'अपार्टमेन्ट' लिजमा किन्न पाउने सरकारको निर्णय सकारात्मक भएको बताउनुभयो। मुलुकको अर्थतन्त्र चलायमान बनाउने घरजग्गा व्यवसाय शिथिल बन्दै गएका आगामी आवको बजेटले सकारात्मक मार्ग देखाएको उहाँले प्रतिक्रिया दिनुभयो। सङ्घका अध्यक्ष इन्जिनियर दीपक कुँवरले जग्गा हदबन्दीका कारण घरजग्गा व्यवसाय सङ्कटमा परेको बताउनुभयो। उहाँले विस २०७६ सालदेखि लागू भएको जग्गा हदबन्दीसम्बन्धी व्यवस्थाले व्यवसायीलाई ठूलो मर्का परेको भन्दै यो समस्या यथाशीघ्र समाधान हुनेमा विश्वास व्यक्त गर्नुभयो।

# 'निजी क्षेत्रका लागि बजेट सकारात्मक छ'

चितवन, १६ जेठ। सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि सार्वजनिक गरेको बजेटपछि यहाँका उद्योगी व्यवसायीले बजेट सकारात्मक रहेको प्रतिक्रिया दिएका छन्। उद्योगी व्यवसायीसँगै पेसाकर्मी पनि बजेटबाट लाभान्वित भएका सरोकार भएकाहरूले भन्दै खुसी व्यक्त गरेका हुन्। उद्योगलाई लक्षित गरी सरकारले भन्सार दर घटाउने, अन्तःशुल्क हटाउनेलगायत नीति लिएसँगै प्रत्यक्ष रूपमा उद्योगी व्यवसायी लाभान्वित भएका उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य सुमनकुमार श्रेष्ठले बताउनुभयो। व्यक्तिगत करमा ठूलो राहत मिलेको छ। वार्षिक रूपमा रु छ लाखबाट बढाएर रु १० लाख आम्दानी हुनेलाई न्यून कर दायरामा ल्याउनु सकारात्मक रहेको उहाँले प्रतिक्रिया दिनुभयो।

अधिकतम आयकर दर ३९ प्रतिशतबाट २९ प्रतिशतमा ल्याइँदै गर्दा यहाँका चिकित्सक, इञ्जिनियरलगायत ठूलो आम्दानी गर्ने पेसाकर्मी प्रत्यक्ष लाभान्वित भएका श्रेष्ठको भनाइ छ। उहाँले अन्तःशुल्क ३६० प्रकारका वस्तुमा हटाउने र उद्योगका लागि कर प्रणाली सरल बनाउने प्रयास स्वागतयोग्य भएको बताउनुभयो।

यो बजेटबाट बजारमा उपभोग र माग बढ्ने सम्भावना देखिएको भन्दै उहाँले बैंकिङ, अटोमोबाइल र घरजग्गा कारोबारी लाभान्वित हुने महासङ्घका केन्द्रीय सदस्य श्रेष्ठले धारणा राख्नुभयो। देवघाटलगायत धार्मिक क्षेत्रको प्रवर्द्धन र भरतपुर विमानस्थल विस्तार गरी रात्रिकालीन उडान गर्दा यहाँको पर्यटन क्षेत्रमा सकारात्मक प्रभाव पर्ने उहाँको बुझाइ छ। बागमती प्रदेश उद्योग परिसङ्घका अध्यक्ष त्रिलोचन कँडेलले यो बजेटबाट उत्पादनको लागत घट्ने, केही वस्तु सस्तो हुने र घरेलु उद्योग प्रतिस्पर्धी बन्ने बताउनुभयो। दुई सय ७३ औद्योगिक कच्चापदार्थमा भन्सार दर घट्नु र तयारी वस्तुभन्दा कच्चापदार्थ सस्तो हुनुले यहाँका उद्योग प्रत्यक्ष लाभान्वित हुने उहाँले उल्लेख गर्नुभयो।

परिसङ्घका अध्यक्ष कँडेलले भन्नुभयो, "यो बजेटसँगै उद्योग सञ्चालनमा लागत घट्ने छ।" उत्पादन तथा निर्यात बढ्नसक्ने र पुँजीबजारमा सुधार आउने उहाँको भनाइ छ। उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष राजन गौतमले हालसम्मकै सबैभन्दा उत्कृष्ट बजेट आएको भन्दै यसले आमनागरिकको जीवनस्तरमा सकारात्मक प्रभाव पार्ने धारणा राख्नुभयो। पहुँचका आधारमा आफ्नो क्षेत्र केन्द्रित बजेट वितरण नगरिएको बताउँदै उहाँले आवश्यकताका आधारमा बजेट विनियोजन गरिएकाले समग्र नेपाली प्रत्यक्ष लाभान्वित हुने प्रतिक्रिया दिनुभयो।

बजेटले कृषि क्षेत्रलाई समयानुकूल प्रोत्साहन दिएको पूर्वअध्यक्ष गौतमको भनाइ छ। उहाँले रु दुई करोडसम्म लगानी गर्ने किसानलाई ४० प्रतिशत अनुदान दिइएको जनाउँदै यसले कृषिमा व्यवसायीकरण बढ्ने, खाद्य सुरक्षामा सुधार हुने बताउनुभयो। उहाँले भन्नुभयो, "यो बजेटले ग्रामीण अर्थतन्त्रलाई सक्रिय बनाउँछ।" बजेटले सबै क्षेत्रलाई सम्बोधन गर्न सकेको भन्दै अब सरकारले सोहीअनुरुप कार्यान्वयनमा लैजानुपर्नेमा पूर्वअध्यक्ष गौतमले जोड दिनुभयो। यसअघिका वर्षमा पनि बजेट सकारात्मक हुँदाहुँदा पनि अस्थिर सरकारका कारण कार्यान्वयन पक्ष फितलो भएको भन्दै उहाँले अब यो समस्या नआउने विश्वास व्यक्त गर्नुभयो।

च्याम्बर अफ कमर्स चितवनका अध्यक्ष गोपाल भट्टराईले बजेट आशावादी र तुलनात्मक रूपमा सकारात्मक रहेको प्रतिक्रिया दिनुभयो। उहाँले बजेटले मध्यमवर्गलाई सम्बोधन गरेको भन्दै उद्योगी व्यवसायी पनि लाभान्वित भएका बताउनुभयो। उहाँले भन्नुभयो, "बजेट सकारात्मक छ, कार्यान्वयन पक्ष सवल बन्छ भन्ने हामी विश्वस्त छौँ।"

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

*करेन्ट लागेर...*

भारदहले जनाएको छ। खेतीको समयमा सप्तरीसहित मधेस प्रदेशमा बिद्युतीय मोटरबाट खेतमा पानी हाल्ने र मोटर जडान गर्ने क्रममा कतिपय किसानको ज्यान जाने गरेको छ। यस्ता जोखिमबाट ज्यान जाने किसानप्रति सरकारले ध्यान दिएर न्यूनीकरण गर्नुपर्ने किसानले माग गरेका छन्।

# पेट्रोलियम उत्पादनका लागि दोस्रो चरणको सम्झौताको गृहकार्य शुरू

काठमाण्डौ, १६ जेठ। खानी तथा भूगर्भ विभागले पेट्रोलियम उत्पादनका लागि दोस्रो चरणको सम्झौताको गृहकार्य शुरू गरेको छ। व्यावसायिक उत्खननका लागि विभाग र चाइना जियोलोजिकल सर्भेबीच थप सम्झौताका लागि आन्तरिक तयारी भइरहेको हो। चीन सरकारको प्राविधिक सहयोगमा सञ्चालित पेट्रोलियम अन्वेषण परियोजनाले दैलेखको भैरवी गाउँपालिका-१, जलजलेमा पहिलो चरणको ड्रिलिङ र अन्वेषण कार्य सम्पन्न गरेको जनाएको छ। व्यावसायिक उत्पादन शुरू गर्न विभागले सरकारसँग आवश्यक समन्वय गरिरहेको छ।

चीनको प्राविधिक टोलीसँगको सहकार्यमा सिस्मिक सर्भे, जियोलोजिकल सर्भे, म्याग्नेटो टेल्युरिक सर्भे र जिओ केमिकल स्याम्पलिङ सर्भे सम्पन्न भएको परियोजनाका निमित्त प्रमुख धर्मराज खड्काले जानकारी दिनुभयो। नमूना परीक्षणले पेट्रोल र प्राकृतिक ग्यासको सम्भावनालाई पुष्टि गरेको छ। परियोजना सफल भए आयातमा खर्च भइरहेको ठूलो रकम कटौती गर्न सकिने विभागले जनाएको छ।

# सुर्तीजन्य पदार्थमा कर बढ्यो

काठमाडौँ, १६ जेठ। सरकारले सुर्तीरहित पान मसला र सुगन्धित सुपारीको अन्तःशुल्क बढाएको छ। अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आज प्रस्तुत गर्नुभएको आर्थिक विधेयकमा उक्त शुल्क वृद्धि गरिएको हो। यस्तै सुर्तीजन्य पदार्थमा लाग्ने कर पनि वृद्धि भएको छ। बजेटमार्फत चुरोटमा १० प्रतिशत अन्तःशुल्क निर्धारण गरिएको छ। अन्तःशुल्कको वृद्धिपछि नेपालमा सुर्तीजन्य पदार्थको करको दर ५१ प्रतिशत बराबर पुगेको छ। विश्व स्वास्थ्य सङ्गठनले सुर्तीजन्य पदार्थमा ७५ प्रतिशतसम्म कर लगाउनुपर्ने उल्लेख गर्दैआएको छ। स्वास्थ्य जोखिमलाई ख्याल गरेर करको दरमा वृद्धि गर्नुपर्ने विभिन्न सरोकारवालाको माग रहँदै आएको थियो।

यस्तै, घरजग्गा कारोबारमा लाग्दै आएको पूँजीगत लाभकरमा पनि वृद्धि भएको छ। यसअघि पाँच प्रतिशत पूँजीगत लाभकर लाग्दै आएकामा अब भने सात दशमलव पाँच प्रतिशत कर लाग्नेछ। यस्तै विद्युतीय सवारीसाधनमा स्वच्छ पूर्वाधार लगानी शुल्क लगाई असुल गरिने व्यवस्था आर्थिक विधेयकमा गरिएको छ। सुनचाँदी तथा तिनका गरगहना र वस्तुको बिक्री गर्दा सिप प्रवर्द्धन शुल्क लाग्ने व्यवस्था गरिएको छ।

**शिक्षा र स्वास्थ्यमा समता कर**

निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाले विद्यार्थीबाट असुल गर्ने सबै प्रकारका शुल्कमा शिक्षा समता शुल्क लाग्ने भएको छ। त्यस्तो शुल्क गुणस्तरीय शिक्षामा पहुँच र शैक्षिक पूर्वाधार निर्माणमा खर्च गरिनेछ। निजी अस्पताल र स्वास्थ्य संस्थामा उपचार गर्न गएका बिरामीबाट असुल गरिने सबै प्रकारका सेवा शुल्कमा पनि स्वास्थ्य समता शुल्क लाग्ने भएको छ। यस्तो शुल्क गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच र स्वास्थ्यसम्बन्धी पूर्वाधार निर्माणमा खर्च गर्ने प्रबन्ध गरिएको छ।

# आगामी आर्थिक वर्षको बजेट उद्योगमैत्री हुनेछ : मुख्यमन्त्री बानियाँ

चितवन, १६ जेठ। बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रदेश सरकारले ल्याउने बजेट उद्योगमैत्री हुने बताउनुभएको छ। यहाँ प्रिफ्याव प्यानल नेपाल उद्योगको अनुगमन निरीक्षणपछि पत्रकारहरूसँग कुराकानी गर्दै उहाँले प्रदेश सरकारले उद्योगीको हितमा बजेट ल्याउने तयारी गरेको बताउनुभएको हो। मुख्यमन्त्री बानियाँले भन्नुभयो, "व्यवसायीलाई प्रोत्साहन गर्ने गरी उद्योगमैत्री बजेट ल्याउने तयारी भइरहेको छ। प्रदेश सरकारले वातावरण तथा पर्यापर्यटनसँग जोडिएका उद्योगहरूलाई बैंकिङ ब्याजमा सहुलियत दिने नीतिअनुसार काम गरिरहेका छौँ। अन्य क्षेत्रको विकासको लागि पनि सोहीअनुसारको नीति अगाडि साछौँ।"

ऊर्जा क्षेत्रलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने विषयसँगै त्यसलाई उत्पादनसँग जोड्ने गरी योजना ल्याउने उहाँको भनाइ थियो। निर्माण क्षेत्रमा आधुनिक, दिगो तथा वातावरणमैत्री प्रविधि भित्र्याउने उद्देश्यका साथ स्थापित प्रिफ्याव प्यानल नेपाल उद्योगले अत्याधुनिक स्मार्ट प्यानलसहित विभिन्न नयाँ निर्माण सामग्रीहरू उत्पादन गर्दै आएको छ। उद्योगका अध्यक्ष नारायण रेग्मीका अनुसार नेपाली बजारमा नेपालको उत्पादन पुर्‍याउन सक्ने गरी काम अघि बढाइएको छ।

उद्योग स्थापित भएको छोटो समयमा नै उद्योगले आधुनिक निर्माण प्रविधिलाई देशभर विस्तार गर्न सफलता मिल्दै गएको बताउनुभयो। "अनुभवी र दक्ष कामदारबाट यस उद्योगले निर्माणका लागि आवश्यक प्यानलहरू उत्पादन गर्दै आएको छ। हाल ५० जिल्लामा हाम्रा उत्पादन उपलब्ध गराइरहेका छौँ, यसलाई विस्तार गर्दै जान्छौँ", अध्यक्ष रेग्मीले भन्नुभयो।

भरतपुर महानगरपालिका-८ मा रहेको यस उद्योगको उत्पादन भवन रहेको छ।

# बजेटमा मधेस प्रदेश, के भन्छन् नेता र अर्थ जानकार ?

जनकपुरधाम, १६ जेठ। संघीय सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेट सार्वजनिक गरेको छ।शुक्रबार जारी बजेटप्रति मधेसमा आशा र निराशा दुवै पक्षबाट हेरिएको छ। कसैले यो बजेटलाई मधेसका लागि आशाको किरण मानेका छन् त कसैले खासै नयाँ कार्यक्रम नभएको प्रतिक्रिया दिएका छन्। यो पटकको बजेटले मधेस प्रदेशमा रहेका केही पुराना कार्यक्रमलाई निरन्तरता दिएको छ। त्यस्तै पूर्वाधार, पर्यटन र स्वास्थ्य क्षेत्रमा समेटिएका केही योजनाले प्रदेशमा अपेक्षाहरू बढाएको छ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रस्तुत गरेको बजेटमा जनकपुरधामलाई अन्तर्राष्ट्रिय विवाह तथा धार्मिक पर्यटन गन्तव्यका रूपमा विकास गर्ने घोषणा गरिएको छ। यसअघिको पूर्ववर्ती सरकारले पनि योजना अगाडि बढाएजस्तै यसपटक पनि जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउने प्रक्रिया अघि बढाइने बजेटमा उल्लेख गरिएको छ। त्यस्तै रामजानकी पथ तथा रामजानकी परिक्रमा मार्गको स्तरोन्नतिका लागि समेत बजेट विनियोजन गरिएको छ। यातायात पूर्वाधारतर्फ हुलाकी राजमार्ग र द्रुतमार्ग निर्माणलाई तीव्रता दिने, काठमाडौंसँग मधेसलाई जोड्ने रेलमार्ग विस्तार गर्ने तथा बर्दिबास-विराटनगर रेलमार्ग निर्माणका लागि बजेट छुट्याइएको छ। जनकपुरधाम-जयनगर-बर्दिबास रेलमार्गको बाँकी खण्ड सम्पन्न गर्न पनि आवश्यक स्रोत सुनिश्चित गरिएको सरकारले जनाएको छ।

बजेटलाई लिएर मधेसमा मिश्रित प्रतिक्रिया देखिएको छ। मधेस नीति तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंहले समग्रमा मधेसका लागि यो बजेट आशा दिने खालको रहेको प्रतिक्रिया दिएका छन्। विगतका वर्षहरूभन्दा यो बजेट सुधारिएर आएको उनले बताए। उनले रास्वपा नेतृत्वको यो सरकारले प्रदेशहरूलाई प्राथमिकतामा राखेर ल्याउनु सुखद संकेत रहेको बताए। उपाध्यक्ष सिंहले भने, 'पहिलेका सरकारहरूले समपुरक अनुदान, विशेष अनुदानमा कटौती गर्दै आइरहेको थियो, तर वर्तमान सरकारले यी अनुदानहरूलाई प्राथमिकतामा राख्नु मधेसका लागि राम्रो संकेत हो।'

मानव विकास सूचकांकमा पछाडि रहेको मधेसका लागि आगामी आवमा सामाजिक विकासलाई प्राथमिकतामा राख्नु सही निर्णय भएको उनको भनाइ छ। अर्थशास्त्री ननु झा भने यो सरकारले ल्याएको बजेटमा एलोटमेन्ट (कुनै काम वा निकायका लागि रकम वा स्रोत छुट्याइनु) नछुट्याएकाले असन्तुष्ट देखिए। उनले जानकी मन्दिरलाई विश्वसम्पदा सूचीकृत गराउने, जनकपुरधामलाई वैवाहिक गन्तव्य स्थलको रूपमा विकास गर्नेलगायत योजनाहरू समावेश गरिए पनि त्यस शीर्षकमा बजेट स्पष्ट रूपमा विनियोजन नहुँदा कार्यान्वयनमा आशंका देखे।

अर्थशास्त्री झाका अनुसार हुलाकी राजमार्ग, रामजानकी अन्तर्राष्ट्रिय रंगशाला, बर्दिवास मेडिकल कलेज लगायतका महत्त्वाकांक्षी योजनामा यो बजेट मौन बस्नुले मधेसमा खासै उत्साह देखिएको छैन। यद्यपि बजेट आकर्षक देखिए पनि कार्यान्वयन हुनेमा उनले शंका व्यक्त गरे। यता नेकपा एमाले मधेस संसदीय दलका नेता सरोज यादवले वर्तमान सरकारले मधेसबाट जसरी मत पायो त्यो हिसाबले बजेट नआएको आरोप लगाए। उनले संघीयताको मर्मअनुसार यो बजेट नरहेको बताए।रामजानकी अन्तर्राष्ट्रिय रंगशाला, मधेसका दुई महत्त्वपूर्ण सहरहरून्न जनकपुरधाम तथा वीरगन्ज, बर्दिवास मेडिकल कलेजलगायत क्षेत्रमा यो बजेट मौन बस्नुले वर्तमान सरकारको नियतमा शंका रहेको उनको भनाइ छ। वर्तमान सरकार निर्माणमा मधेसको महत्त्वपूर्ण योगदान रहे पनि मधेसले यो बजेटबाट केही नपाइएको गुनासो गरे। जसपा नेपाल मधेस प्रदेश संसदीय दलका नेता सरोज यादवले पनि नेपालकै लागि लाइफ लाइनका रूपमा हुलाकी राजमार्गलाई प्राथमिकतामा नराखिएकोमा आक्रोश व्यक्त गरे। यो बजेटले मधेसलाई 'बाइपास' गरेको उनले आरोप लगाए।

# जनकपुरधामलाई विवाह गन्तव्यको रूपमा विकसित गरिने

जनकपुरधाम, १६ जेठ। संघीय सरकारका अर्थमन्त्री डा स्वर्णिम वाग्लेले ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्त्व बोकेको माता सीताको जन्मभूमि एवम् मधेसको राजधानी जनकपुरधामलाई विवाह गन्तव्यको रूपमा विकास गर्ने घोषणा गरेका छन्।अर्थमन्त्री डा वाग्लेले शुक्रबार आगामी आर्थिक वर्ष २०८३/८४ का लागि स  ीय संसद्मा प्रस्तुत गर्नुभएको बजेटमार्फत सो घोषणा गरेका हुन्। रामजानकी पथ तथा रामजानकी परिक्रमा सडक स्तरोन्नतिका लागि बजेट विनियोजन गरिएको उनले जानकारी दिए। मधेस प्रदेशको लाइफ लाइनको रूपमा रहेको हुलाकी सडक तथा रेल्वेको विकास, पूर्व पश्चिम राजमार्गको विकास तथा सडक स्तरोन्नति, पोषण कार्यक्रमलगायत मधेसको शिक्षा, स्वास्थ्य तथा खेलकुदको क्षेत्रमा बजेट विनियोजन गर्ने बजेट व्यक्तब्यमा उल्लेख छ।

अर्थमन्त्री डा वाग्लेको उक्त घोषणालाई प्रदेशमा सकारात्मक रूपमा लिइएको छ। उद्योग वाणिज्य संघ जनकपुरधामका अध्यक्ष सुरेन्द्र भण्डारीले वर्तमान सरकारको यो घोषणाले जनकपुरधाममा पर्यटकको संख्यामा उल्लेख्य वृद्धि हुने तथा यसबाट रोजगारीको वातावरण तयार हुने बताए। साथै बजेटमार्फत सरकारले करको दरमा गरेको छुट्को व्यवस्थाले उद्योगी तथा व्यवसायीलाई राहत मिलेको र यसबाट उद्योग तथा व्यवसायीलाई सहयोग पुग्ने उनले विचार व्यक्त गरे।

# रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि बजेट विनियोजन

**सुधा देव**

सप्तरी, १६ जेठ। सप्तरीको राजविराज नगरपालिका-१०, विरौलस्थित रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको पूर्वाधार विकास कार्य अघि बढाउन सरकारले बजेट विनियोजन गरेको छ। सरकारले शुक्रबार आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्दै प्रतिष्ठानको पूर्वाधार निर्माण तथा विकास कार्यलाई अघि बढाउन आवश्यक बजेट व्यवस्था गरेको हो।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले स  ीय संसदमा प्रस्तुत गर्नुभएको बजेटमा प्रतिष्ठानको पूर्वाधार निर्माण कार्य अगाडि बढाउने उल्लेख गरिएको छ। २०७८ असार २२ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिष्ठानको शिलान्यास गर्नुभएको भए पनि बजेट अभावका कारण हालसम्म निर्माण कार्यले गति लिन सकेको थिएन।

तत्कालीन स्वास्थ्यमन्त्री उपेन्द्र यादवको पहलमा प्रतिष्ठान स्थापनाको प्रक्रिया अघि बढाइएको थियो। शिलान्यास भएको लामो समय बितिसक्दा पनि आवश्यक पूर्वाधार निर्माण हुन नसकेको अवस्थामा यस वर्षको बजेटमा प्रतिष्ठानलाई समेटिएको हो। २०७५ पुस १६ गते मन्त्रिपरिषद्ले प्रतिष्ठान स्थापना गर्ने निर्णय गरेपछि राजविराज नगरपालिकाले ३० वर्षका लागि ६२ बिघा जग्गा उपलब्ध गराएको थियो। प्रतिष्ठानको पूर्वाधार निर्माण कार्य अगाडि बढाउन विभिन्न समयमा स्थानीयवासी तथा सरोकारवालाले दबाब दिँदै आएका थिए। तर अघिल्ला सरकारबाट अपेक्षित सुनुवाइ हुन सकेको थिएन। बजेट विनियोजनसँगै प्रतिष्ठानको पूर्वाधार निर्माण कार्यले गति लिने अपेक्षा गरिएको छ।

# लागुऔषधसहित विभिन्न स्थानबाट ३५ जना पक्राउ

काठमाडौँ, १६ जेठ। प्रहरीले मुलुकका विभिन्न स्थानबाट लागुऔषधसहित ३५ जनालाई पक्राउ गरेको छ। प्रहरीले काठमाडौँ, भक्तपुर, झापा, बर्दिया, सुनसरी, कञ्चनपुर, नुवाकोट र सिराहाबाट अवैध लागुऔषधसहित ३५ जनालाई पक्राउ गरेको हो। काठमाडौँको टोखा नगरपालिका-९ गोङ्गबुबाट ब्राउनसुगर जस्तो देखिने पदार्थसहित दुई, झापाको गौरीगञ्ज गाउँपालिका-२ बाट दुई, मेचीनगर नगरपालिका-६ पुरानो मेचीपुलबाट एक, बिर्तामोड नगरपालिका-४ कन्चनजङघा टोलबाट दुई पक्राउ परेका नेपाल प्रहरीको केन्द्रीय समाचार कक्षले जनाएको छ। भक्तपुरको सूर्यविनायक नगरपालिका-५ कटुन्जे चोकबाट एक, मध्यपुरथिमि नगरपालिका-९ बोडेबाट एक, मध्यपुरथिमि-५ राधेराधे डेरा गरी बस्ने जुम्ला घर भएका एक जना पक्राउ परेका छन्। त्यस्तै, बर्दियाको राजापुर नगरपालिका-१० कोठियाघाट पुलबाट एक, सुनसरीको बराहक्षेत्र नगरपालिका-६ ठाकुरबारीबाट छ, इनरूवा नगरपालिका-४ बसचोकबाट तीन, बराहक्षेत्र नगरपालिका-७ सोमबारेबाट दुई, धरान उपमहानगरपालिका-१३ आदर्श नगरबाट एक, इटहरी उपमहानगरपालिका-१७ पकलीबाट पाँच, इटहरी उपमहानगरपालिका-१७ बाट एक जना पक्राउ इलाका प्रहरी कार्यालयले जनाएको छ। कञ्चनपुरको पुनर्वास नगरपालिका-११ अमरबस्ती मसानघाटबाट तीन, नुवाकोटको विदुर नगरपालिका-९ बाघटारबाट दुई, सिराहाको गोलबजार नगरपालिका-६ गुम्बाटोलबाट एक जनालाई इलाका प्रहरी कार्यालयले जनाएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)